ईश्वरपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

ईश्वरपुर, सर्लाही

२ नं. प्रदेश, नेपाल

मिति: २०७८।०१।२४

## सेवा प्रवाह तथा हाट बजार बन्द गर्ने बारे ईश्वरपुर नगरपालिकाको जरुरी सूचना।

विश्वव्यापी रुपमा नयाँ भेरियन्ट सहितको कोरोना भाईरस (COVID-19) फैलिरहेको सन्दर्भमा यस नगरपालिका क्षेत्र भित्र पनि सोही प्रकारका लक्षण सहितका बिरामीहरु देखा परेको र थप देखिन सक्ने सम्भावित जोखिमलाई मध्यनगर गर्दै संक्रमणको पहिचान, रोकथाम र नियन्त्रणका लागि मिति २०७८।०१।२४ गते जनप्रतिनिधिहरु, उद्योग वाणिज्य संघ, बजार व्यवस्थापन समिति, सुरक्षा निकाय, अन्य सामाजिक संघसंस्थाहरुका पदाधिकारीहरु बिच ईश्वरपुर नगरपालिकाको कार्यालयमा बसेको बैठकबाट तपसिल बमोजिमको निर्णयहरु भएकाले सोको पूर्ण रुपमा कार्यान्वयन गर्नु/गराउनु हुन सम्पुर्ण सरोकारवाला तथा नगरवासीहरुलाई हार्दिक अनुरोध गरिन्छ।

**तपसिल**

१. बयलबास बजार लगायत यस नगरपालिका भित्रका सबै हाट बजार र होटलहरु मिति २०७८।०१।२४ गते राति १२:०० बजेबाट पूर्ण रुपमा बन्द गर्ने।

२. स्थायी पसलहरुमा स्वास्थ्य सम्बन्धी मापदण्ड र दुरी कायम गरी विहान ८:०० बजे देखि साँझ ७:०० बजे सम्म संचालनको व्यवस्था मिलाउने।

३. अस्पताल, स्वास्थ्य सेवा प्रदायक संस्था लगायत अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालय बाहेकका अन्य सबै कार्यालयहरु मिति २०७८।०१।२९ गते सम्म बन्द गर्ने। बैंक तथा वित्तिय संस्थाहरुले जन स्वास्थ्य सम्बन्धी मापदण्ड र दुरी कायम गरी सेवा प्रवाहको व्यवस्था मिलाई बैंकिङ्ग कारोबार गर्ने।

४. नगरपालिका भित्रका सरकारी एवं प्राइभेट अस्पतालमा स्थलगत अनुगमन गरी संस्थाको प्राविधिकिय र उपकरण एवं वेडको क्षमता आंकलन र लेखाजोखा गरी कोभिड-१९ को उपचारको व्यवस्था र जिम्मेवारी तोक्ने यसको लागि मिति २०७८।०१।२५ गते विहान स्थलगत अनुगमन र समन्वय बैठक गर्ने।

५. नगरपालिका भित्र निर्माणाधिन १५ वेडको अस्पतालमा कोभिड-१९को उपचारको लागि आवश्यकीय प्रवन्ध गरी कोभिड अस्पताल संचलनको व्यवस्था मिलाउने साथै कोभिड अस्पताल संचालनको लागि न्युनतम मापदण्ड वमोजिम आवश्यक पर्ने प्रविधि, उपकरण, औषधि लगायत वेडको चेकलिस्ट तयार गरी प्रदेश सामाजिक विकास मन्त्रालय, संघीय स्वास्थ्य मन्त्रालय एवं संघ संस्थामा सहयोगको लागि माग गर्ने।

ईश्वरपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

ईश्वरपुर, सर्लाही

२ नं. प्रदेश, नेपाल

६. नगरपालिका भित्र कोभिड-१९ को रोकथाम नियन्त्रण, उपचार, अनुगमन, प्रतिवेदन पेश गर्ने लगायतका कार्य गर्ने कोभिड अस्पतालका चिकित्सकको संयोजकत्वमा प्राइभेट स्वास्थ्य संस्थाका प्रतिनिधि र सरकारी स्वास्थ्य संस्थाका प्रतिनिधि रहनेगरी COVID-19 Response Team गठन गर्ने ।

७. कोभिड-१९ महामारीको रोकथाम नियन्त्रणका लागि जनस्वास्थ सम्बन्धी मापदण्डका पालना गर्न गराउन सबै पक्षमा अनुरोध गर्ने र सूचना संप्रेषण गर्ने/गराउने व्यवस्था मिलाउने ।

८. अत्यावश्यक कार्यका लागि हिडडुल गर्दा अनिवार्य रुपमा माक्सको प्रयोगको व्यवस्थाका लागी प्रचार-प्रसार गर्ने र यस सम्बन्धी अनुगमन र जरिवाना लिई मापदण्ड पालना गराउने जिम्मेवारी ईलाका प्रहरी कार्यालय केशरगंज, सर्लाहीलाई दिने ।

९. संभावित रोगीको पहिचानका लागि PCR परिक्षण, एन्टीजेन परिक्षणको व्यवस्था नगरपालिकाले सरकारी निकाय संग समन्वयगरी आवश्यक व्यवस्थापन मिलाउने ।

*माथि उल्लेखित निर्णयहरु २०७८।०१।२४ गते राति १२:०० बजेदेखी २०७८।०१।२५ गते राति १२:००बजे सम्म लागु हुने र ततपश्चात् मिति २०७८।०१।३१ गते राति १२:०० बजे सम्म जिल्ला प्रशासन कार्यालय, मलंगवा सर्लाहीको निषेधाज्ञा सम्बन्धि आदेश लागु हुने ।*

मनोज कुमार देवकोटा

मनोज कुमार देवकोटा
(नगर प्रमुख)

मनोज कुमार देवकोटा
नगर प्रमुख